जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३१ | २०८२ साल चैत २३ गते सोमबार | Monday-06-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## रौतहट र पर्सामा बिचौलिया नियन्त्रण गर्न प्रशासन कडा, अवैध असुलीमाथि निगरानी तीव्र

***शु.आ. सम्बाददाता***
***बारा, २२ चैत***

सरकारी सेवा लिने प्रक्रियामा बिचौलियाको हस्तक्षेप बढ्दै गएको भन्दै जिल्ला प्रशासन कार्यालय रौतहट र पर्साले कडाइ सुरु गरेका छन् । सेवाग्राहीलाई ठगी तथा अवैध असुलीबाट जोगाउन दुवै जिल्लाका प्रशासनले निगरानी तीव्र बनाउनुका साथै कडा चेतावनीसमेत जारी गरेका छन् ।




जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले आइतबार जारी गरेको सूचनामार्फत सेवाग्राहीलाई सहयोग गर्ने बहानामा अवैध रूपमा रकम असुल गर्ने गतिविधिमाथि विशेष निगरानी राखिएको जानकारी दिएका छन् । यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूलाई कार्यालय परिसरभित्र मात्र नभई आसपासका क्षेत्रमा समेत प्रवेशमा रोक लगाइएको स्पष्ट पारिएको छ ।

प्रशासनले सेवाग्राहीलाई भ्रममा पारेर पैसा असुल गर्ने कार्यलाई गम्भीर अपराधको रूपमा लिँदै त्यस्ता कार्यमा संलग्न भेटिएमा प्रचलित कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ । साथै, सेवाग्राहीलाई कुनै पनि सेवा लिँदा सिधै सम्बन्धित शाखामा सम्पर्क गर्न र बिचौलियाबाट टाढा रहन आग्रह गरिएको छ ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय पर्साले पनि जिल्लाभित्रका सबै सरकारी कार्यालयहरूलाई बिचौलियामुक्त सेवा सुनिश्चित गर्न कडा निर्देशन जारी गरेको छ । आइतबार सार्वजनिक गरिएको विज्ञप्तिमार्फत प्रशासनले सरकारी सेवा छिटो, सरल, सहज र पारदर्शी रूपमा उपलब्ध गराउन सबै कार्यालयलाई औपचारिक रूपमा आग्रह गरेको हो ।

प्रशासकीय अधिकृत रेखा कुमारीका अनुसार प्रशासन कार्यालयबाट प्रदान गरिँदै आएका सेवाहरू हाल नियमित र सहज ढंगले सञ्चालन भइरहेका छन् । उनले कार्यालय परिसरभित्र मात्र नभई वरपरसमेत बिचौलिया गतिविधि देखिए तत्काल कडा कारबाही गरिने चेतावनी दिएकी छन् ।

कार्यालय प्रमुख कुमारीले बिचौलियाहरूले सेवाग्राहीलाई सहयोग र सहजीकरणको नाममा गैरकानुनी रूपमा रकम असुल्ने कार्य रोक्न प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताइन् ।

दुवै जिल्लाका प्रशासनले संयुक्त रूपमा सेवाग्राहीलाई सचेत रहन, आधिकारिक माध्यमबाट मात्रै सेवा लिन र कुनै पनि शंकास्पद गतिविधि देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउन अपिल गरेका छन् ।

## अर्नवा-बेतौना-नरही सडक निर्माण अलपत्र, स्थानीय आक्रोशित

***बारा, २२ चैत***

बाराको महागढीमाई नगरपालिका-८ अन्तर्गत पर्ने अर्नवा-बेतौना-नरही सडक खण्डको निर्माण कार्य लामो समयदेखि अलपत्र अवस्थामा रहँदा स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन् । निर्धारित समयमै सम्पन्न हुनुपर्ने उक्त सडक अझै अधुरो रहँदा दैनिक आवागमन जोखिमपूर्ण बनेको छ ।



भौतिक पूर्वाधार विकास कार्यालय र शिव शक्ति इन्फ्रा डेभेलोपर प्रा. लि.बीच २०७९ असार १२ गते सम्झौता भई २०७९ असार ३१ देखि निर्माण सुरु गरिएको उक्त सडक २०८० पुस १३ भित्र सम्पन्न गरिसक्नुपर्ने थियो । कर बाहेक ८ करोड ३८ लाख ६१ हजार २७५ रुपैयाँ ८१ पैसाको लागतमा निर्माण भइरहेको करिब ५ किलोमिटर सडकको काम भने पटक-पटक म्याद थप हुँदासमेत पूरा हुन सकेको छैन ।

विशेषगरी महागढीमाई-८ को बेतौना क्षेत्रमा रहेको कल्भर्ट नजिक सडक धसिएको अवस्थामा रहेको छ । निर्माण व्यवसायीले मर्मत कार्य अधुरै छाडेपछि सो स्थान अत्यन्त जोखिमपूर्ण बनेको स्थानीयको भनाइ छ । दैनिक रूपमा साना तथा ठूला सवारीसाधन दुर्घटनामा पर्ने जोखिम बढेको छ भने सर्वसाधारणले आवागमनमा ठूलो सास्ती खेप्नु परेको छ ।

स्थानीय बासिन्दाका अनुसार वर्षायाममा उक्त खण्ड झनै जोखिमपूर्ण बन्ने गरेको छ । हिलाम्मे र भासिएको सडकका कारण एम्बुलेन्स, स्कुल बस तथा अत्यावश्यक सेवा समेत प्रभावित हुने गरेका छन् । "हामीले पटक-पटक सम्बन्धित निकायलाई जानकारी गराएका छौं, तर अहिलेसम्म ठोस पहल भएको छैन," एक स्थानीयले गुनासो गरे ।

यस अवस्थाप्रति आक्रोश व्यक्त गर्दै महागढीमाईका सचेत युवाहरूले सम्बन्धित स्थानीय तह, प्रदेश पूर्वाधार कार्यालय तथा निर्माण कम्पनीलाई तत्काल ध्यान दिन आग्रह गरेका छन् । उनीहरूले कल्भर्ट नजिकको धसिएको सडक शीघ्र मर्मत गरी दुर्घटना न्यूनीकरण गर्न र बाँकी निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न माग गरेका छन् । यता, स्थानीयवासीले चेतावनी दिँदै भनेका छन्, "यदि सम्बन्धित निकायले समयमै समस्या समाधानतर्फ पहल नगरेमा निर्माण व्यवसायी र जिम्मेवार निकायविरुद्ध कानुनी प्रक्रिया अघि बढाइनेछ ।"

स्थानीयको तीव्र दबाबका बीच अब सम्बन्धित निकायले कस्तो कदम चाल्छन् भन्ने चासो बढेको छ । समयमै निर्माण सम्पन्न नभए यस क्षेत्रको समग्र विकास र दैनिक जनजीवनमा थप समस्या उत्पन्न हुने निश्चित देखिन्छ ।

## इन्धन संकट न्यूनीकरण गर्न सातामा दुई दिन सार्वजनिक बिदा

***शु.आ. सम्बाददाता***
***काठमाडौँ, २२ चैत***

बढ्दो पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्तिमा देखिएको असहज अवस्थालाई सम्बोधन गर्न सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने महत्वपूर्ण निर्णय गरेको छ ।



आइतबार बसेको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुने गरी शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेको हो । सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले उक्त निर्णय सरकारी कार्यालयका साथै शैक्षिक संस्थाहरूमा समेत लागू हुने जानकारी दिएका छन् । सरकारले इन्धन खपत घटाउने दीर्घकालीन रणनीतिक कदमका रूपमा यो व्यवस्था लागू गरेको जनाएको छ । प्रवक्ता पोखरेलका अनुसार हाल देखिएको आर्थिक दबाब र पेट्रोलियम आपूर्तिसम्बन्धी चुनौतीलाई केही हदसम्म कम गर्न यस निर्णयले सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार अब सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन हुनेछन् । यसअघि कार्यालय समय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कायम रहेको थियो । कार्यालय समय एक घण्टा अगाडि सारेर सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास गरिएको सरकारको भनाइ छ ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले नयाँ शैक्षिक सत्र आगामी बैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय पनि गरेको छ । दुई दिनको बिदा व्यवस्थाले शैक्षिक क्यालेन्डरमा पार्ने प्रभावलाई ध्यानमा राख्दै शैक्षिक सत्रको समय तालिका पुनः समायोजन गरिएको बताइएको छ । सरकारको यस निर्णयलाई इन्धन संकट व्यवस्थापनतर्फको अस्थायी तर महत्वपूर्ण पहलका रूपमा हेरिएको छ । यद्यपि, यसले सेवा प्रवाह, शैक्षिक गतिविधि तथा निजी क्षेत्रमाथि पार्ने प्रभावबारे भने विभिन्न कोणबाट बहस सुरु भएको छ । विशेषज्ञहरूका अनुसार, इन्धन खपत घटाउन सार्वजनिक बिदा प्रभावकारी हुन सक्ने भए पनि दीर्घकालीन समाधानका लागि वैकल्पिक ऊर्जा स्रोतको विकास, सार्वजनिक यातायातको सुदृढीकरण र आपूर्ति प्रणाली सुधारमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## फलामको गेट ढलेर बालकको मृत्युभएको १ महिना पछि ट्र्याकटरलाई फसाउने षड्यन्त्र

***रुपेश यादव***
***रौतहट, २२ चैत***

रौतहटको गढीमाई नगरपालिका-३ गम्हरियामा फलामको गेट ढलेर एक बालकको मृत्यु भएको १ महिनापछि घटना ट्र्याक्टर दुर्घटनामा भएको भनेर षडयन्त्र सुरु भएको छ ।



जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा रौतहट क्षेत्र नं. ४ का सांसद प्रत्याशी राजकुमार दासले उक्त घटनामा षड्यन्त्र गरेर आफूलाई फसाउन खोजिएको स्पष्ट पारेका छन । शनिबार पत्रकार सम्मेलन गर्दै नेता दासले करिब एक महिनाअघि भएको उक्त घटनामा आफ्नो नाम जोडेर गलत प्रचार गरिएको प्रति गम्भीर आपत्ति जनाएका छन ।

गत फागुन १७ गते पूर्वमन्त्री तथा प्रदेश सांसद शेख अबुल कलाम आजाद उर्फ फूलबाबुको गढिमाई नगरपालिका ३ गमहरिया गाउँ स्थित कम्पाउन्डको फलाम गेट ढलेर च्यापिँदा स्थानीय सबिया खातुनका करिब १० वर्षीय छोरा मोहम्मद अल्फाजको घटनास्थलमै मृत्यु भएको थियो ।

घटनापछि मृतकका परिवारले दासको डिजे बाजा लोड गरिएको ट्र्याक्टरले ब्याक गर्ने क्रममा गेटमा ठक्कर दिँदा गेट ढलेर बालकको मृत्यु भएको आरोप लगाएका थिए ।

तर दासले उक्त आरोप अस्वीकार गर्दै आफ्नो ट्र्याक्टरले न गेटमा ठक्कर दिएको न बालकको मृत्युमा कुनै भूमिका रहेको दाबी गरेका थिए । "गेट आफैँ ढलेर दुर्घटना भएको हो, मेरो ट्र्याक्टरको कुनै संलग्नता छैन,"

*बाँकी तेश्रो पृष्ठमा*

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# पेस्की फछ्र्योट नगरे सेवासुविधा रोक्ने

सरकारी कार्यालयमा पेस्की वा अग्रिम भुक्तानीको फछ्र्योट नगरेका कर्मचारी वा निकायले सेवासुविधा रोक्ने नीति सार्वजनिक गरिएको छ । यो कदम सरकारी सेवा वितरणमा पारदर्शिता सुनिश्चित गर्ने तथा अनियमितता रोक्ने दृष्टिकोणले गरिएको हो ।

पेस्की प्रणालीले कार्यालय सञ्चालनका लागि आवश्यक प्रारम्भिक खर्च पूर्वसिद्ध रकमबाट गर्न सजिलो बनाउँछ । तर, फछ्र्योट वा खर्च विवरण पेश नगर्ने प्रवृत्तिले अनियमितता बढाउने, सरकारी स्रोतको दुरूपयोग हुने र सेवाग्राहीसम्म सेवा ढिला पुग्ने समस्या सिर्जना गर्छ । त्यसैले पेस्की फछ्र्योट नगर्ने कर्मचारी वा निकायलाई तत्काल सेवा रोक्ने प्रावधान लागू गर्नु आवश्यक देखिन्छ । यसले कर्मचारीहरुलाई जिम्मेवार बनाउने मात्र होइन, सरकारी सेवा छिटो, पारदर्शी र व्यवस्थित ढंगले सेवाग्राहीसम्म पुऱ्याउने वातावरण पनि सिर्जना गर्छ । स्थानीय तहदेखि संघीय कार्यालयसम्म यस नीति कार्यान्वयन गर्न सकिन्छ भने अनावश्यक विलम्ब र भ्रष्टाचार कम गर्न प्रभावकारी उपाय बन्न सक्छ । सेवाग्राहीको हितमा सरकारको यो कदम स्वागतयोग्य छ र यसबाट सबै निकायले जिम्मेवारीपूर्वक काम गर्न प्रेरित हुने अपेक्षा राख्न सकिन्छ ।

# जेन-जी भावनामा नयाँ सरकारका पाइला



*प्रा.डा. श्रीरामप्रसाद उपाध्याय*

वर्तमान सरकारले कुनै पनि राजनीतिक पूर्वाग्रह नराखी निःस्वार्थ रूपमा जनताको पक्षमा काम गर्नुपर्छ । देशमा फेरि द्वन्द्वको स्थिति आउन नदिई बुद्धिमानीपूर्ण ढंगबाट दैनिक, मासिक तथा वार्षिक कार्यतालिका बनाई ‘डे वान’देखि नै परिणाममुखी काम गर्नु आजको आवश्यकता हो ।

जेन-जी आन्दोलनपछि भएको आमनिर्वाचनको परिणामस्वरूप बनेको १५ सदस्यीय मन्त्रिमण्डलको काँधमा नयाँ जिम्मेवारी थपिएको छ । सबै दलको सहयोग र सहभागितामा निर्वाचन सम्पन्न गराएकामा पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्, निर्वाचन आयोग र नेपाली जनता सबै धन्यवादका पात्र हुन् । नयाँ मन्त्रिमण्डलमा सबै भौगोलिक क्षेत्र, महिला तथा जनजातिको समानुपातिक प्रतिनिधित्व गराइएको छ ।

प्रधानमन्त्रीको काँधमा रक्षा, उद्योग तथा आपूर्ति मन्त्रालयको कार्यभार आएको छ । मन्त्रिमण्डलमा ३० प्रतिशत महिलाको प्रतिनिधित्व छ । केहीबाहेक सबै ४० वर्षमुनिका नयाँ अनुहारका मन्त्री छन् । मन्त्रिमण्डलको पहिलो बैठकले भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलन तथा यसअघि भएका विभिन्न आन्दोलनका सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति सम्मान तथा श्रद्धाञ्जलि व्यक्त गर्दै सरकारको शासकीय सुधारका १०० कार्यसूची प्रकाशित गरेको छ । यस कार्यसूचीको छैटौं बुँदामा जेन-जी आन्दोलनका पीडितलाई राहत तथा पुनर्स्थापना गरिने र सबै नेपाली महिलालाई निःशुल्क बस सेवा प्रदान गरिने कुरा उल्लेख छ । यसबाहेक भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने विषय समावेश गरिएको छ ।

एक वर्षअघि पत्रकार रजतलाई जिउँदै जलाइयो । नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहबाट शपथग्रहणलगत्तै सुशासनप्रति दृढ संकल्पित रहेको कुरा व्यक्त भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो धारणा स्पष्ट पार्दै निजामती प्रशासनभित्रका कुनै पनि प्रकारका समूह, अभियान वा युनियन शैलीका संयन्त्रसँग पार्टीको कुनै सम्बन्ध नरहेको कुरा स्पष्ट पारेको छ । रास्वपाले सार्वजनिक शासनलाई राजनीतिक हस्तक्षेपमुक्त, व्यावसायिक र जनउत्तरदायी बनाउने आफ्नो मूल नीतिप्रति प्रतिबद्धता जनाएको छ । जेन-जी समर्थित नयाँ सरकारको काँधमा संविधान संशोधन, शिक्षा र स्वास्थ्यमा गुणस्तर विकास, भ्रष्टाचारमुक्त पारदर्शी प्रशासन, गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन, विकास निर्माणमा तीव्रता र असंलग्न परराष्ट्र नीतिको प्रभावकारिता मुख्य चुनौती हुन् ।

संविधानका केही प्रावधान र धाराहरूमा संशोधनको माग निकै अघिदेखि नै हुँदै आएको छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको विषयमा व्यापक चर्चा हुने गर्दछ । भारत तथा अन्य देशको जस्तै नेपालको संविधानले राष्ट्रपतिलाई अभिभावकीय भूमिका प्रदान गरेको छ । संसद्को बहुमतले पारित विधेयकलाई राष्ट्रपतिले अन्तिम रूपमा प्रमाणीकरण गर्ने चलन छ । तैपनि, आर्थिक विधेयकबाहेक अन्य विधेयकलाई राष्ट्रपतिले संसद्मा पुनः छलफलका लागि पठाउन सक्ने व्यवस्था छ । तर, आर्थिक विधेयक संसद्मा एकपटक छलफल भई दोस्रोपटक पारित भएर आएपछि राष्ट्रपतिले तुरुन्त प्रमाणीकरण गर्नुपर्छ । संविधानमा राष्ट्रपति वा उपराष्ट्रपति भइसकेका व्यक्ति पुनः निर्वाचित भएमा दुईपटकसम्म आफ्नो पदमा बहाल रहन सक्ने व्यवस्था छ । तर, राष्ट्रपति वा उपराष्ट्रपति भइसकेको व्यक्ति पुनः दलीय राजनीतिमा आउन हुने वा नहुने कुरामा संविधान मौन छ । यसको परिणाम स्वरूप राष्ट्रपति वा उपराष्ट्रपतिमा पुनः राजनीतिमा लाग्ने महत्वाकांक्षा बढेको पाइन्छ । संघ, प्रदेश र स्थानीय तहको अधिकार र सीमांकनसम्बन्धी विवादले गर्दा बजेटको कार्यान्वयनमा बाधा पर्ने गरेको छ । राज्यका यी तीनवटै तहमा सल्लाहकार र सहयोगीको नाममा आफन्तलाई भर्ना गरी तलबको व्यवस्था गर्नाले अनुत्पादक क्षेत्रमा खर्च बढी हुने गरेको छ । शिक्षा समितिद्वारा पारित शिक्षा विधेयक शिक्षा मन्त्रालयमा त्यसै थन्किएको छ । त्रिभुवन विश्वविद्यालयका सम्पत्ति तथा भूमि व्यक्ति वा संस्थाले कब्जा गरेकाले त्यसलाई फिर्ता ल्याउने जिम्मेवारी शिक्षा मन्त्रालयको हो । विगतमा यस्ता प्रयास भएका थिए र महँगा निजी विद्यालयका शुल्कको सीमांकन गर्ने जिम्मेवारी पनि शिक्षा मन्त्रालयकै हो । पर्याप्त मेडिकल कलेज नखुल्नाले नेपाली विद्यार्थी चिकित्साशास्त्र अध्ययन गर्न विदेश जान बाध्य छन् । देशको स्वास्थ्य क्षेत्र पनि दयनीय छ । शिक्षामा जस्तै सम्पन्न वर्गका व्यक्ति औषधोपचारका निम्ति महँगा अस्पताल वा विदेश जाने गर्छन् । विपन्न वर्गका व्यक्तिहरू सुविधाविहीन अस्पतालहरूमा प्राण त्याग गर्न बाध्य छन् । ग्रामीण क्षेत्रका अस्पतालले काठमाडौंको वीर अस्पताल र टिचिङमा बिरामी पठाउनाले त्यहाँ कुम्भ मेला लाग्छ । वीर अस्पतालको छेउमा रहेको सैनिक अस्पताल व्यापारिक केन्द्रमा परिणत भएको छ । देशमा भएका प्रायः उद्योगधन्दा बन्द हुनाले बेरोजगार युवाहरू विदेश पलायन हुन बाध्य छन् । मध्यपूर्वको युद्धले गर्दा त्यसमा पनि बाधा पर्ने सम्भावना देखिन्छ । यस युद्धले पेट्रोलियम पदार्थ तथा ग्यासको भाउ बढ्ने सम्भावना रहन्छ । जेन-जीको एउटा माग पारदर्शी र भ्रष्टाचारमुक्त प्रशासन थियो । उनीहरूको अर्को माग स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नुपर्ने रहेको थियो । यसका निम्ति श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ । यसले पहिलेदेखि नै तयार भएको नेसनल एकेडेमी अफ भोकेसनल ट्रेनिङको एक महिने रणनीतिक योजना स्वीकृत गरेको छ ।

देशको अर्थतन्त्रलाई सुदृढ र मितव्ययी बनाउन अर्थ मन्त्रालयले राजस्व अनुसन्धान विभाग र केही ऐन खारेजीका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग २०८१ को प्रतिवेदनका आधारमा मन्त्रिपरिषद्बाट लैजानुपर्नेलाई संसद्मा लैजाने र प्रतिवेदनमा उल्लेख गरिएका १५ वटा ऐन खारेज गर्ने प्रक्रिया सुरु गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा प्राथमिकताका आधारमा दीर्घकालीन योजना तयार गर्ने निर्णय गरेको छ । यस मन्त्रालयले रासायनिक मल, दूधको मूल्य र पशुपक्षी बिमा भुक्तानी, अनुदान व्यवस्थापन, बाँझो भूमि समन्वय, सिँचाइ, कृषि कर्जा तथा लगानी सम्बन्धमा पुनरावलोकन गर्ने निर्णय गरेको छ । नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा २५ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको र ५० प्रतिशत जनशक्ति कृषि पेसामा संलग्न हुँदै आएका छन् । कुल बजेटको मात्र ३ प्रतिशत बजेट कृषि क्षेत्रमा विनियोजित हुँदै आएको छ ।

विकास निर्माणको काममा मुआब्जा विवाद तथा ठेकेदारको लापरबाही र अर्थ मन्त्रालयले समयमा बजेट निकासा नगर्दा काममा सुस्तता आएको छ । दातृ राष्ट्रहरूसँगको सहयोगसम्बन्धी सम्झौता गर्दा मुआब्जाको रकमसमेत उल्लेख गरिनुपर्छ । नेपालको असंलग्न परराष्ट्र नीतिमा सामान्य परिमार्जन गरी आपसी लाभको आधारमा सन्धि सम्झौता गरिनुपर्छ । मित्रराष्ट्र भारत र चीनसँग कूटनीतिक आधारमा समस्याको समाधान गरिनुपर्छ । मध्यपूर्वको समस्या अझै बल्झिँदै छ । हजारौंको संख्यामा नेपाली युवा कामदारहरू इरानलगायत मुलुकमा अलपत्र परेका छन् । विगतमा कमजोर कूटनीतिले गर्दा इजरायल-हमास युद्धमा बन्दी बनाइएका कञ्चनपुरका विपिन जोशीको हत्या भयो । अहिले इजरायल र इरान युद्धको चपेटामा पुनः नेपाली पर्ने जोखिम छ । सरकारले उनीहरूको रक्षा गर्न तत्काल कूटनीतिक पहल गर्नुपर्छ । निष्कर्ष : वर्तमान सरकारले कुनै पनि राजनीतिक पूर्वाग्रह नराखी निःस्वार्थ रूपमा जनताको पक्षमा काम गर्नुपर्छ । देशमा फेरि द्वन्द्वको स्थिति आउन नदिई बुद्धिमानीपूर्ण ढंगबाट दैनिक, मासिक तथा वार्षिक कार्यतालिका बनाई ‘डे वान’देखि नै परिणाममुखी काम गर्नु आजको आवश्यकता हो । जेन-जीको भावनालाई कदर गर्दै युवाको ऊर्जा र विज्ञतालाई राष्ट्रनिर्माणमा जोड्नुपर्छ । सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायलाई मूल मन्त्र बनाई सरकारले आफ्ना नीति तथा कार्यक्रमहरूलाई अक्षरशः कार्यान्वयन गर्नुपर्छ । जबसम्म सरकारले जनस्तरमा परिवर्तनको अनुभूति गराउन सक्दैन, तबसम्म जनआन्दोलनको मर्म जीवित रहन सक्दैन । तसर्थ, यो सरकारले इतिहास रच्ने अवसरलाई सदुपयोग गर्दै समृद्ध नेपाल निर्माणको मार्ग प्रशस्त गर्नैपर्छ ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर – १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :– +91 8935959150

सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# खाडीका ऊर्जा पूर्वाधारमा इरानले आक्रमण बढायो

***तेहरान -*** संयुक्त अरब इमिरेट्स, बहराइन र कुवेतका नागरिक सुविधाहरूमा आइतबार इरानले आक्रमण गरेको छ । इरानले खाडीका महत्वपूर्ण उर्जा पूर्वाधारहरूमा पनि आक्रमण गरेको छ । फेब्रुअरीको अन्त्यदेखि सुरु भएको इस्लामिक गणतन्त्रमा अमेरिका र इजरायलले गरेको आक्रमणको जवाफमा खाडी मुलुकहरूले इरानबाट बारम्बार ड्रोन र क्षेप्यास्त्र आक्रमणको सामना गर्नुपरेको छ ।



इरानले तेलको लागि सम्मृद्ध खाडी मुलुकहरूमा ऊर्जा र अन्य औद्योगिक पूर्वाधारहरूलाई निशाना बनाएको छ र छिमेकीहरूले अमेरिकी सेनालाई उनीहरूको भूमिबाट आक्रमण गर्न अनुमति दिएको आरोप लगाएको छ । खाडी मुलुकहरूले भने उक्त आरोपको खण्डन गर्दै आएका छन् ।

आइतबार इरानी ड्रोन आक्रमणबाट कुवेती तेल र पेट्रोकेमिकल प्रशोधन केन्द्रमा गम्भीर क्षति पुगेको सरकारी पेट्रोलियम कम्पनीले जनाएको छ । कुवेत पेट्रोलियम कर्पोरेशनले आफ्नो सहायक पेट्रोकेमिकल इन्डस्ट्रिज कम्पनीका धेरै सुविधाहरूलाई लक्षित गरेको बताउँदै भनेको छ, 'आक्रमणबाट 'यी धेरै सुविधाहरूमा आगलागी भएको छ र गम्भीर भौतिक क्षति पुर्याएको छ ।'

यसअघि कुवेतको विद्युत तथा जल मन्त्रालयले इरानबाट आएको ड्रोन आक्रमणका कारण दुईवटा विद्युत र पानीको नुनिलो तत्व छुट्टाउने प्लान्टमा क्षति पुगेको बताएको थियो । कुवेती अर्थ मन्त्रालयले इरानको ड्रोन आक्रमणबाट सरकारी भवनमा व्यापक क्षति पुगेको तर मानवीय क्षति नभएको जनाएको छ ।

मध्य पूर्वमा युद्ध फैलिएको छ । खाडीको ऊर्जा पूर्वाधारमा इरानको आक्रमण र एक महत्वपूर्ण विश्वव्यापी जलमार्ग हर्मुज घाँटीको प्रभावकारी बन्दले विश्व अर्थतन्त्रलाई तहसनहस पारेको छ । यसअघि अबुधाबीका अधिकारीहरूले संयुक्त अरब इमिरेट्स (युएई)को उत्तरपश्चिमी तटमा रहेको रुवाइस औद्योगिक शहरमा रहेको पेट्रोकेमिकल प्लान्टमा लागेको आगलागीसँग जुधिरहेका बताएका थिए । खाडी इमिरेट्सको मिडिया कार्यालयले भनेको छ, 'अधिकारीहरूले बोरुज पेट्रोकेमिकल्स प्लान्टमा विशाल आगलागीको नियन्त्रणका लागि काम गरिरहेको छ ।' यहाँ हवाई रक्षा प्रणालीले आक्रमणका लागि प्रयोग भएको ड्रोनलाई सफलतापूर्वक अवरोध गरेपछि खसेको भग्नावशेष विस्फोट हुँदा आगलागी भएको थियो ।

संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयले भनेको छ, 'त्यहाँको सेवा तुरुन्त स्थगित गरिएको छ र क्षतिको आकलन गरिएको छ । "कोही कुनै पनि घाइते भएको रिपोर्ट गरिएको छैन ।' संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयले यस पहिले मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको बताएको थियो ।

इरानको सेनाले संयुक्त अरब इमिरेट्स ९युएई० मा रहेको आल्मुनियम उद्योग र कुवेतमा रहेका अमेरिकी सैन्य संरचनालाई लक्षित गरेको इरानको सरकारी समाचार संस्था आइआरएनएले शनिबार जनाएको थियो ।इरानमाथि अमेरिका-इजरायलले गरेको आक्रमणपछि इरानले खाडी मुलुकका नागरिक पूर्वाधारमा आक्रमण गर्ने चेतावनी बारम्बार दिँदै आएको छ ।

खुजेस्तान प्रान्तका उपप्रशासकले शनिबार दक्षिणपश्चिम इरानको पेट्रोकेमिकल क्षेत्रमा भएको आक्रमणमा परी पाँच व्यक्तिको मृत्यु भएको बताएका छन् । बहराइनको सरकारी ऊर्जा कम्पनीले आइतबार इरानको ड्रोन आक्रमणका कारण भण्डारण ट्याङ्कमा आगलागी भएको जनाएको छ ।

'बाप्को एनर्जीले आइतबार बिहान उसको भण्डारण सुविधामा एक घटना भएको छ । शत्रुतापूर्ण इरानी ड्रोन आक्रमणको कारण ट्याङ्कमा आगो लागेको थियो,' कम्पनीले भनेको छ। क्षतिको आँकलन भइरहेको र कुनै चोटपटक नलागेको बताइएको छ । इरानको बढ्दो आक्रमणले खतराले खाडी मुलुकहरूमा पानी आपूर्तिका लागि धेरै निर्भर रहेका 'डिसेलिनेशन प्लान्ट'हरूमा पनि क्षति पुगेको छ।

## फलामको........

पत्रकार सम्मेलनमा उनले भनेका छन । उनका अनुसार घटनाका बेला केही बालबालिका गेटमा झुन्डिएर खेलिरहेका थिए र सोही क्रममा एक्कासी गेट ढलेर बालक च्यापिँदा मृत्यु भएको हो । गेट भन्दा पर कम्पाउन्ड भित्र आफ्नो ट्र्याक्टर पार्क गरिएकै कारण आफूलाई जबरजस्ती फसाउने प्रयास भएको उनको भनाइ छ ।

दासले आफू राजनीतिक व्यक्तित्व भएकै कारण विपक्षीको उक्साहटमा पीडित परिवारलाई प्रयोग गरी षड्यन्त्र गरिएको आरोपसमेत लगाएका छन । साथै, प्रहरीलाई पैसा खुवाएर जाहेरी दर्ता हुन नदिएको भन्ने आरोप पनि पूर्ण रूपमा झुटो र भ्रामक रहेको उनले बताएका छन ।

उनका अनुसार घटनाको दिन प्रहरीले तयार पारेको मुचुल्कामा समेत ट्र्याक्टरको ठक्करबाट नभई गेट आफैँ ढलेर बालकको मृत्यु भएको उल्लेख छ ।उक्त घटना बारे कयौं स्थानिय देखि राष्ट्रिय मिडियामा समेत समाचार प्रकाशन प्रशारण भएको थियो ।

उता इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी शंकरप्रसाद आचार्यले पनि प्रारम्भिक अनुसन्धानमा ट्र्याक्टरको संलग्नता नदेखिएकोले जाहेरी दर्ता गर्न नमिल्ने भन्दै जाहेरी लिन अस्वीकार गरिएको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले पनि प्रारम्भिक अनुसन्धानबाट ट्र्याक्टरले ठक्कर दिएको प्रमाण नभेटिएको जानकारी दिएका छन । उनका अनुसार बालबालिका गेटमा झुन्डिएर खेलिरहेको अवस्थामा गेट आफैँ ढलेर दुर्घटना हुँदा च्यापिएर बालकको मृत्यु भएको देखिएको छ। बालबालिका गेटमा झुन्डिएर खेलिरहेको अवस्थामा गेट आफै ढलेर दुर्घटना हुँदा च्यापिएर बालकको मृत्यु भएको र घटनामा ट्याक्टरको कुनै संलग्नता नरहेको एसपी रिजालले बताएका छन ।

तर चुनाव पछि केहि नेताले पिडितलाई आफू बिरुद्ध षड्यन्त्र पुर्ण तरिकाले फसाउन खोजेको नेता दाशले गुनासो गरेका छन । १ महिना अघि भएको भवितव्यता आफ्नो कुनै संलग्नता छैन त्यसको अहिले पनि सत्यतथ्य अनुसन्धान तथा छानबिन होस यदि मेरो दोष ठहर हुन्छ भने म सजाय भोग्न तयार छु जसपा नेता राजकुमार दाशले पत्रकार सम्मेलनमा दाबी गरेका छन ।

## रौतहटमा....

उद्योगहरूले राज्यलाई बुझाउनुपर्ने करसमेत छलिरहेको आरोप छ। यस विषयमा स्थानीय, प्रदेश र संघीय सरकार तीनै तहबाट प्रभावकारी पहल नभएको भन्दै आलोचना भइरहेको छ । केही उद्योगले बालुवा प्रशोधनको अनुमति लिएर ढुंगा, गिट्टी उत्पादन गर्ने क्रसर सञ्चालन गरिरहेका छन् भने कतिपयले कुनै प्रक्रिया नै नअपनाई उद्योग चलाइरहेको पाइएको छ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले जिल्ला समन्वय समितिको बैठकबाट निर्णय आएपछि मात्र कारबाही प्रक्रिया अघि बढाउन सकिने बताए। "कानुनी आधार तयार भएपछि आवश्यक कारबाही अगाडि बढाइनेछ," उनले प्रतिक्रिया दिए।

रौतहटमा अवैध क्रसर उद्योगको बढ्दो संख्या र त्यसबाट भइरहेको प्राकृतिक स्रोतको दोहनले वातावरणीय जोखिमसमेत बढाएको छ । यस्ता उद्योगमाथि तत्काल कडाइ नगरे दीर्घकालीन रूपमा ठूलो क्षति हुने सरोकारवालाहरूले चेतावनी दिएका छन् ।

## सामुदायिक......

लिन आउने सर्वसाधारण तथा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ।

यसले सेवा केन्द्रको वातावरण थप सहज र व्यवस्थित बन्न सहयोग पुग्ने विश्वास लिइएको छ।

यस सहयोगप्रति सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया-२ परिवारले सहयोगी संस्था तथा व्यक्तिप्रति आभार व्यक्त गरेको छ।

साथै, आगामी दिनमा पनि यस्ता सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको छ।

# वीरगंजको ऐतिहासिक छपकैया पोखरी सार्वजनिक सम्पत्ति नै भएको अदालतको ठहर

***वीरगंज, २२ चैत***

वीरगंज महानगरपालिका वडा नं. २ मा झण्डै चार बिघा क्षेत्रफलमा फैलिएको ऐतिहासिक छपकैया पोखरी अन्ततः सार्वजनिक सम्पत्ति नै कायम हुने निश्चित भएको छ। पर्सा जिल्ला अदालतका न्यायाधीश माधव घिमिरेको इजलासले गत चैत १७ गते गरेको ऐतिहासिक फैसलाले अर्बौं मूल्य बराबरको यो सार्वजनिक जलाशयलाई भू(माफियाको कब्जाबाट मुक्त गरिदिएको हो ।




यो फैसलाले शक्ति र पहुँचको दुरुपयोग गर्दै विगतमा भएका सबै जालसाजीपूर्ण निर्णयहरूलाई बदर गरिदिएको छ भने सार्वजनिक सम्पत्तिमाथि वीरगञ्जबासीको हक पुनः स्थापित गरेको छ ।

यस ऐतिहासिक पोखरीलाई निजी बनाउने खेलको सुरुवात स्थानीय प्रमोदविक्रम शाहले आफ्नो पुर्ख्यौली सम्पत्ति दाबी गरेसँगै भएको थियो । शाहले २०३९ सालमा अंश मुद्दाको मिलापत्र हुँदा यो पोखरी आफ्नो भागमा परेको दाबी गर्दै नापी गोश्वारा कार्यालयमार्फत निजी दर्ता गराउन सफल भएका थिए ।

रोचक पक्ष त के छ भने, शाह आफैँ २०४३ सालमा नगर पञ्चायतको सदस्य हुँदा सोही पोखरीको डिल मर्मत गर्न पञ्चायतलाई अनुरोध गर्ने निर्णयमा हस्ताक्षर गर्ने व्यक्ति थिए । आफैँले सार्वजनिक भनी स्वीकार गरिसकेको सम्पत्तिलाई पछि पद र पहुँचको भरमा निजी बनाउनु नै यो प्रकरणको सबैभन्दा ठूलो जालसाजी भएको ठहर गरिएको छ ।

यो प्रकरणमा सबैभन्दा ठूलो धक्का २०७१ सालमा लागेको थियो, जब तत्कालीन न्यायाधीश चोलेन्द्रशमशेर जबरा र दीपकराज जोशीको इजलासले जिल्ला र उच्च अदालतको फैसला उल्ट्याइदिएको थियो ।

जिल्ला अदालत पर्सा र उच्च अदालत हेटौँडाले स्पष्ट रूपमा पोखरी सार्वजनिक नै हो भनी गरेको फैसलालाई जबराको इजलासले महानगरका कार्यकारी अधिकृतलाई मुद्दा हाल्ने हकदैया नपुगेको जस्ता प्राविधिक छिद्र देखाएर बदर गरिदिएको थियो । शाह र जबराबीचको सम्धी नाताको आडमा अर्बौंको सार्वजनिक सम्पत्ति व्यक्तिको पोल्टामा पुर्‍याइएको भन्दै त्यतिबेला वीरगञ्जमा चर्को विरोध भएको थियो । विगतका विवादास्पद फैसला र प्रशासनिक अवरोधका बाबजुद जफर अन्सारीलगायतका स्थानीयहरूको निरन्तरको कानुनी लडाइँले २०८२ चैत १७ गते नयाँ मोड लियो । न्यायाधीश माधव घिमिरेको इजलासले सबै ऐतिहासिक तथ्य, नगर पञ्चायतका पुराना निर्णयहरू र सार्वजनिक भोगचलनका प्रमाणहरूको सूक्ष्म अध्ययन गर्दै यो पोखरी सार्वजनिक नै भएको अन्तिम फैसला सुनायो।

यो फैसलाले चोलेन्द्रशमशेर जबराको पालामा भएको त्रुटिपूर्ण नजिरलाई चुनौती दिँदै सार्वजनिक सम्पत्ति हडप्ने गिरोहको योजनालाई सदाका लागि असफल तुल्याइदिएको छ। अदालतले पोखरीको जग्गा व्यक्तिको नाममा गरिएको दर्ता खारेज गरी साविक बमोजिम सार्वजनिक कायम गर्न आदेश दिएको छ।

महानगरको संस्थागत विद्रोह र सरावगीको नेतृत्व


अदालतको अन्तिम फैसला आउनुअघि यो मुद्दालाई मर्न नदिन तत्कालीन नगर प्रमुख विजयकुमार सरावगीले खेल्नुभएको भूमिका निकै महत्त्वपूर्ण छ । उहाँले कार्यपालिकाबाटै औपचारिक निर्णय गराएर न्यायालयबाट गम्भीर त्रुटि भएको ठहर गर्दै राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय र भूमि व्यवस्था मन्त्रालयसम्म संस्थागत पत्राचार गर्नुभएको थियो।

सरावगीको नेतृत्वमा रहेको तत्कालीन महानगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत डा. भीष्म भुसालले प्रमाण जुटाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । महानगरका प्रमुख प्रशासकीय अधिकृत र कानुनी विज्ञहरूको टोलीको अथक प्रयासले गर्दा जिल्ला अदालतमा बलियो प्रमाण पेश गर्न सहज भएको हो ।

नागरिक योद्धाको रूपमा जफर अन्सारीको अडान

यो लामो कानुनी लडाइँको सबैभन्दा बलियो खम्बा स्थानीय अभियन्ता जफर अन्सारी बन्नुभयो । जनताको सम्पत्ति कसैले हडप्न पाउँदैनू भन्दै उहाँले एक दशकभन्दा बढी समय एक्लै जस्तै लडाइँ लड्नुभयो । उहाँले २०३१ सालदेखिका नगर पञ्चायतका ठेक्का रसिद, बोर्ड बैठकका निर्णय र ऐतिहासिक दस्तावेजहरू संकलन गरेर अदालतमा पेश गर्नुभयो । अन्सारीको यही धैर्यता र प्रमाणले नै न्यायाधीश घिमिरेलाई यो ऐतिहासिक फैसला गर्ने ठोस आधार प्रदान गर्‍यो ।

चैत १७ को फैसलापछि अहिले वीरगञ्जबासीमा खुसीयाली छाएको छ । लामो समयको कानुनी अन्योल र भू(माफियाको छायाबाट छपकैया पोखरी मुक्त भएको छ । अब महानगरले यसलाई पर्यटकीय र वातावरणीय रूपमा विकास गरी संरक्षण गर्ने बाटो खुलेको छ । यो प्रकरणले यदि नागरिक सचेत भए र जनप्रतिनिधिले दरिलो साथ दिए भने शक्तिको आडमा गरिएको जस्तोसुकै अन्यायलाई पनि कानुनले एक दिन पराजित गर्छ भन्ने कुरा पुनः पुष्टि गरेको छ । सँम्भारः रेस खबर




ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

फेटा गाउँपालिका, फेटा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वन संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा नयाँ अभियान

*पवन प्रसाद साह*
*पर्सा, २२ चैत*



पर्सागढी नगरपालिका–३ झ्वराहस्थित ईन्दु झ्वराह जंगल रिसोर्टले वन संरक्षणसँगै पर्यटन विकासलाई जोड दिँदै नयाँ अभियान सुरु गरेको छ । सोही क्रममा सबैया साझेदारी वन उपभोक्ता समूहका नव निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई एक कार्यक्रमबीच स्वागत तथा सम्मान गरिएको छ ।

रिसोर्ट परिसरमा आयोजित कार्यक्रममा नव निर्वाचित सदस्यहरूलाई खादा लगाएर सम्मान व्यक्त गरिएको थियो । कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख रामचन्द्र खतिवडा, डिभिजन वन कार्यालय पर्साका प्रमुख मन्जुर अहमद, सबैया सब–डिभिजन कार्यालयकी रेन्जर कविता दास, उपभोक्ता समूहका अध्यक्ष लखनलाल साह, उपाध्यक्ष असलम आलम लगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । "वन जोगाऔं–पर्यावरण बचाऔं" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा वन संरक्षण र पर्यटन प्रवर्द्धनलाई सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा बोल्दै रिसोर्टका प्रबन्धक मणिन्द्रलाल नेपालीले पर्सा क्षेत्रमा पहिलोपटक जंगल रिसोर्ट सञ्चालनमार्फत प्रकृति, वन्यजन्तु तथा जैविक विविधताको अवलोकन गराउने लक्ष्य राखिएको बताए ।

उनले पर्यटक आकर्षण बढाउन र स्थानीय पर्यटन उद्योगलाई टेवा पुऱ्याउन आवश्यक पूर्वाधार विकासमा जोड दिए । उनका अनुसार साझेदारी वनदेखि पर्सा राष्ट्रिय निकुञ्जको महादेव पोस्टसम्म ग्राभेल सडक निर्माण, निर्माण सम्पन्न हात्तीसार सञ्चालन, प्रयोगविहीन पोखरी क्षेत्रमा भ्यू टावर निर्माण तथा वन्यजन्तुका लागि पानीको व्यवस्थापन गर्न थप पोखरी निर्माण आवश्यक रहेको उल्लेख गरे ।

त्यस्तै, जंगल क्षेत्रमा अनियन्त्रित मानव प्रवेशका कारण वन विनाश बढ्दै गएको औंल्याउँदै तारबारसहित एकद्वार प्रणाली लागू गर्नुपर्ने सुझाव समेत दिइएको छ । रिसोर्ट पक्षले यस्ता संरचना निर्माण तथा व्यवस्थापनमा सहकार्य गर्न तयार रहेको जनाएको छ ।

कार्यक्रमका वक्ताहरूले वन संरक्षण, स्थानीय समुदायको सक्रिय सहभागिता र पर्यापर्यटन विकासलाई सन्तुलित रूपमा अघि बढाउन सके पर्सा जिल्लालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गरेका छन् ।

# अपांगता भएका बालकलाई ह्वीलचेयर सहयोग, जीवनयापनमा सहजता बढ्ने अपेक्षा

*साजिद मन्सूर*
*कलैया, २२ चैत*




कलैया उपमहानगरपालिका वडा नं. २५ निवासी सिकेन्द्र साहका १५ वर्षीय छोरा रामजी साहलाई आवतजावतमा सहजता प्रदान गर्ने उद्देश्यले ह्वीलचेयर सहयोग गरिएको छ ।

शारीरिक अवस्थाका कारण लामो समयदेखि हिँडडुलमा कठिनाइ भोग्दै आएका रामजीलाई "सहयोगी पाइला" संस्थाको समन्वयमा आयोजित एक कार्यक्रमबीच ह्वीलचेयर प्रदान गरिएको हो ।

उक्त सहयोग उपलब्ध गराउन संस्थाकी सक्रिय सदस्य लक्ष्मी जयसवालको विशेष पहल रहेको जनाइएको छ । सामाजिक सेवाप्रतिको उनको निरन्तर सक्रियता र समर्पणका कारण रामजीले आवश्यक सहयोग पाउन सकेका हुन् । कार्यक्रममा सहयोगी पाइलाका कार्यालय प्रमुख रमेश पटेल, सिसहनिया स्वास्थ्य चौकीका प्रमुख लालबाबु यादव, बघवन स्वास्थ्य चौकीका प्रमुख महमद सजाद अंसारी तथा समाजसेवी रम्भु यादव लगायतको उपस्थिति रहेको थियो ।

ह्वीलचेयर प्राप्त गरेपछि रामजी र उनका परिवारमा खुसीयाली छाएको छ । यसअघि घरभित्रै सीमित हुन बाध्य रहेका रामजी अब दैनिक गतिविधिमा सहज रूपमा सहभागी हुन सक्ने अपेक्षा गरिएको छ । कार्यक्रममा सहभागीहरूले सानो सहयोगले पनि कसैको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्ने उल्लेख गर्दै यस्ता मानवीय सेवामूलक कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

# सुवर्ण गाउँपालिकाको १६औँ गाउँसभा अधिवेशन सम्पन्न

*शु.आ. सम्वाददाता*
*बारा, २२ चैत*




बाराको सुवर्ण गाउँपालिकाको १६औँ गाउँसभा अधिवेशन सम्पन्न भएको छ । गाउँपालिकाको कार्यालय कवहीगोठमा आयोजित उक्त अधिवेशन गाउँपालिकाका अध्यक्ष राजेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको हो ।

अधिवेशनमा गाउँपालिकाकी उपाध्यक्ष पुनम कुमारी यादव, वडा नं. १ देखि ८ सम्मका वडा अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत आमोद चौधरी, गाउँ कार्यपालिका सदस्यहरू, गाउँसभा सदस्यहरू तथा गाउँपालिकाअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू र कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाको समग्र विकास, आगामी योजना तथा नीति कार्यक्रमहरूबारे छलफल गरिएको थियो । साथै, चालु आर्थिक वर्षका कार्यक्रमहरूको समीक्षा गर्दै आगामी आर्थिक वर्षका लागि प्राथमिकता निर्धारण गर्ने विषयमा समेत सहभागीहरूबीच व्यापक बहस भएको थियो । अध्यक्ष राजेश प्रसाद यादवले गाउँपालिकाको विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै जनप्रतिनिधि र कर्मचारीबीच समन्वय र उत्तरदायित्व बढाउनुपर्नेमा जोड दिए । उनले जनताको अपेक्षा अनुसार पारदर्शी र प्रभावकारी सेवा प्रवाह गर्न गाउँपालिका प्रतिबद्ध रहेको पनि उल्लेख गरे ।

उपाध्यक्ष पुनम कुमारी यादवले महिला, बालबालिका तथा पिछडिएको वर्गको उत्थानका लागि विशेष कार्यक्रम आवश्यक रहेको औंल्याउँदै समावेशी विकासलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरिन् ।

त्यस्तै, प्रमुख प्रशासकीय अधिकृत आमोद चौधरीले प्रशासनिक सुधार, सेवा प्रवाहमा सहजता तथा विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरूलाई सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरे ।

अधिवेशनले विभिन्न विकास योजनाहरूलाई स्वीकृति दिने, बजेट कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्ने तथा आगामी दिनमा सुशासन र सेवा प्रवाहलाई थप सुदृढ बनाउने निर्णयहरू समेत गरेको जनाइएको छ ।

गाउँसभाको १६औं अधिवेशनले स्थानीय तहको विकास र सुशासनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

# वीरगंज नाकाबाट विद्युतीय सवारी आयातमा उल्लेख्य वृद्धि

*वीरगंज, २२ चैत*




चालु आर्थिक वर्षको पहिलो सात महिनामा वीरगंज भन्सार नाकाबाट विद्युतीय सवारीसाधनको आयात उल्लेख्य रूपमा वृद्धि भएको देखिएको छ । भन्सार कार्यालयका अनुसार यस अवधिमा रु एक अर्ब ४८ करोड ६४ लाख मूल्यका चार सय ९७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधनबाट मात्रै रु ९६ करोड ३६ लाख राजस्व संकलन भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा भने रु ४३ करोड एक लाख मूल्यका एक सय ६५ वटा मात्र विद्युतीय जिप, कार र भ्यान आयात भएका थिए, जसबाट रु ३५ करोड ५० लाख राजस्व संकलन भएको थियो । यस तथ्यांकले विद्युतीय सवारीप्रतिको आकर्षण तीव्र रूपमा बढ्दै गएको स्पष्ट संकेत गर्दछ ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत वर्षको तुलनामा चालु वर्षमा विद्युतीय सवारी आयातमा उल्लेख्य वृद्धि भएको हो ।

उनका अनुसार विद्युतीय मोटरसाइकलतर्फ भने फरक प्रवृत्ति देखिएको छ । चालु आर्थिक वर्षको सात महिनामा रु ८० करोड ५७ लाख मूल्यका एक हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएका छन् ।

तर, गत आर्थिक वर्षको सोही अवधिमा रु ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटरसाइकल आयात भएका थिए । यसले मोटरसाइकलको संख्यात्मक आयात घटे पनि मूल्यमा भने वृद्धि भएको देखाउँछ, जसले उच्च क्षमतायुक्त वा महँगा मोडेलतर्फ उपभोक्ताको झुकाव बढेको संकेत दिन्छ ।

इन्धनबाट चल्ने सवारीसाधनको आयात भने तुलनात्मक रूपमा घट्दो क्रममा देखिएको छ । चालु आर्थिक वर्षको सात महिनामा रु एक अर्ब १६ करोड १३ लाख मूल्यका छ सय नौ वटा जिप, कार र भ्यान आयात भएका छन्, जसबाट रु दुई अर्ब ८६ करोड राजस्व संकलन भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा भने रु एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने सवारीसाधन आयात भएका थिए, जसबाट रु तीन अर्ब ७३ करोड राजस्व उठेको थियो । यसले परम्परागत इन्धनयुक्त सवारीको आयात घट्दै गएको संकेत गर्छ ।

समग्रमा हेर्दा चालु आर्थिक वर्षको सात महिनामा रु २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन् । जबकि गत आर्थिक वर्षको सोही अवधिमा रु १७ अर्ब १५ करोड बराबरका सवारी तथा पार्टपुर्जा आयात हुँदा रु १३ अर्ब २६ करोड राजस्व संकलन भएको थियो ।

विशेषज्ञहरूका अनुसार विद्युतीय सवारीसाधनको आयातमा भएको वृद्धि वातावरणीय सचेतना, इन्धनको बढ्दो मूल्य तथा सरकारी नीतिगत सहूलियतको परिणाम हुन सक्छ । यद्यपि, पूर्वाधार विकास, चार्जिङ स्टेसन विस्तार र दीर्घकालीन नीति स्पष्टता आवश्यक रहेको उनीहरूको सुझाव छ ।

# रौतहटमा अवैध क्रसर उद्योग मौलाउँदै, नियमनमा निकाय निष्क्रिय

*रौतहट, २२ चैत*



रौतहट जिल्लामा सञ्चालनमा रहेका अधिकांश क्रसर उद्योग अवैध रहेको पाइएको छ । तर ती उद्योगलाई नियमन गरी बन्द गराउने विषयमा सम्बन्धित निकायको पहल भने शून्यजस्तै देखिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख रामअयोध्या यादवको व्यवस्थापनमै हाल दर्जनौं क्रसर उद्योग सञ्चालनमा रहेको आरोप स्थानीयस्तरमै उठन थालेको छ । जिल्लामा रहेका करिब २१ क्रसर उद्योगमध्ये केवल ८ वटा मात्र वैध रहेको बताइन्छ भने बाँकी १७ वटा अवैध क्रसर तथा बालुवा प्रशोधन उद्योग निर्बाध रूपमा सञ्चालन भइरहेका छन् ।

अवैध रूपमा उद्योग सञ्चालन भइरहे पनि नियन्त्रण र कारबाहीमा ढिलाइ भएको भन्दै सरोकारवाला निकायको भूमिकामाथि प्रश्न उठेको छ । समितिले दर्ता नवीकरण नगरेका तथा कारोबारको विवरणसमेत नराखेका उद्योगमाथि प्रभावकारी निगरानी नगर्दा नदी दोहन तीव्र रूपमा बढिरहेको स्थानीयको गुनासो छ ।

घरेलु तथा साना उद्योग कार्यालय रौतहटकी प्रमुख रिन्की जयसवालले जिल्लामा वैध तथा अवैध गरी २१ उद्योग सञ्चालनमा रहेको जानकारी दिँदै आफ्नो कार्यालयसँग एकल रूपमा कारवाही गर्ने अधिकार नरहेको स्पष्ट पारिन् । "अनुगमनका लागि जिल्ला समन्वय समितिको पहलमा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा टोली गठन हुन्छ, त्यही टोलीमा हाम्रो सहभागिता रहने हो," उनले भनिन्, "तर नियमनकारी निकायले सक्रियता नदेखाउँदा हामी मुकदर्शक बन्न बाध्य भएका छौं ।"

अवैध रूपमा सञ्चालन भइरहेका

बाँकी तेश्रो पृष्ठमा

# सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया–२ मा शुद्ध खानेपानी सुविधा विस्तार

*वीरगंज, २२ चैत*

वीरगंज महानगरपालिका–छपकैया–२ स्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा शुद्ध खानेपानीको सुविधा विस्तार गरिएको छ । केन्द्रमा आउने सेवाग्राही, आम सर्वसाधारण तथा सुरक्षाकर्मीहरूको सहजताका लागि १०० लिटर क्षमताको आरओ (रिभर्स अस्मोसिस) वाटर फिल्टर कूलर जडान गरिएको हो ।

उक्त उपकरण सामुदायिक प्रहरी सेवा केन्द्र छपकैया–२ का अध्यक्ष हाजी ग्यासुद्दिन ठाकुराइको पहलमा 'रुंगटा वेलफेयर सोसाइटी'का प्रतिनिधि सुरेश रुंगटाको पूर्ण सहयोगमा उपलब्ध गराइएको केन्द्रले जनाएको छ ।

केन्द्रका अध्यक्ष हाजी ग्यासुद्दिन ठाकुराइले सेवाग्राही तथा सुरक्षाकर्मीहरूको आधारभूत आवश्यकतालाई मध्यनजर गर्दै शुद्ध खानेपानीको व्यवस्था गरिएको बताए । "केन्द्रमा दैनिक रूपमा आउने सर्वसाधारण र ड्युटीमा खटिएका सुरक्षाकर्मीहरूको स्वास्थ्य र सुविधा हाम्रो प्राथमिकता हो," उनले भने, "यस सहयोगले सेवा केन्द्रलाई अझ व्यवस्थित र सेवामैत्री बनाउन मद्दत पुगेको छ ।"

शुद्ध खानेपानीको व्यवस्था भएपछि सेवा

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका